# तामाकोशी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय दोलखा

## गाउँपालिकाको आ.व.२०८०/८१ नीति तथा कार्यक्रम

प्रस्तुत भएको मितिः २०८०।०३।०९
पारित भएको मितिः २०८०।०३।०९

तामाकोशी गाउँपालिका
२०८०

**तामामाकोशी गाउँपालिकाका उपाध्याक्ष, प्रमुख प्रशासकीय अधिकृत, गाउँसभाका सदस्यहरु,**

**तामामाकोशी गाउँपालिकाको  दोस्रो गाउँसभाको तेस्रो अधिबेशनमा हार्दिक स्वागत गर्दछु ।**

**तामामाकोशी** गाउँपालिकाको आर्थिक बर्ष २०८०/८१ को नीति तथा कार्यक्रम यस गरिमामय **गाउँ**सभाको बैठकमा प्रस्तुत गर्न पाउँदा मलाई अत्यन्त खुशी लागेको छ । सम्बत् २०७९ साल बैशाख ३० गते सम्पन्न स्थानीय तहको निर्वाचनबाट हामीलाई मतदान मार्फत निर्वाचित गर्नुहुने आदरणीय **गाउँ**पालिकाबासी आमा, बुवा, दाजुभाई, दिदीबहिनीहरु लगायत सबैमा हार्दिक आभार प्रकट गर्दछु । यस अवसरमा म नेपालको सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापना र स्वशासनको लागि नेपाली जनताले गर्दै आएका जनआन्दोलनहरुमा सहादत प्राप्त गर्नुहुने सहिदहरुप्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु ।

गाउँपालिकाको विकास, सुधार र समृद्धिका लागि नेपालको संबिधान तथा संघीय, प्रदेश र स्थानीय कानुनद्वारा प्रदत्त हक अधिकारको प्रचलन गर्न तथा कानुनतः निर्देशित काम, कर्तब्य र दायित्व निर्वाह गर्न हामी प्रतिबद्ध छौं । गाउँपालिकाको इतिहास, संस्कृति, सम्पदा र सभ्यताको संरक्षण, सम्बर्धन र प्रबर्धन गर्नु हाम्रो पहिलो कर्तब्य हुन आएको छ । सेवाग्राहीले सरल र सहज तरिकाले सेवा प्राप्त गर्ने हकलाई सुनिश्चित गर्न सूचना र प्रविधिको उच्चतम प्रयोग गर्न अनिवार्य छ । स्वच्छ, सफा, हरियालीयुक्त पर्यावरण विकास गरी गाउँपालिकालाई बस्नयोग्य गाउँ बनाउने हाम्रो ध्येय रहेको छ ।

आन्तरिक सुशासन र सवल प्रशासनको विकासबाट हामीले अख्तियार गरेको नीति तथा कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन हुने भएकाले यो नीति तथा कार्यक्रम त्यसतर्फ नै निर्देशित रहेको छ । जनतासँग प्रत्यक्ष सम्बन्ध र सम्पर्क रहने वडा कार्यालयहरुको क्षमता विकास, श्रोत साधनमा वृद्धि र प्रणालीको विकास गर्ने नीति अवलम्बन गर्न प्रस्ताव गरिएको छ । शिक्षा, स्वास्थ्य, रोजगारी, उद्यमशीलता, सामाजिक बिकास, युवा तथा खेलकुद, भौतिक पूर्वाधार विकास, सार्वजनिक यातायात, खानेपानी तथा सरसफाई, विपद ब्यवस्थापन, न्याय निरुपण, मानब अधिकार प्रबर्धन जस्ता बिषयगत क्षेत्रहरुका लागि बिशेष नीति तथा कार्यक्रम प्रस्ताव गरेको छु ।

आगामी आर्थिक बर्षको लागि प्रस्तावित नीति तथा कार्यक्रमको प्रभाबकारी कार्यान्वयन गर्न आम गाउँपालिकाबासी तथा सबै पेशा, व्यवसायमा आबद्ध महानुभावहरुको सहयोग, समन्वय र सहकार्य रहने कुरामा विश्वस्त रहेको छु ।

**आर्थिक बर्ष  २०७९/०८० को नीतिको समीक्षा :**

१)  तामाकोशी गाउँपालिकाको आवधिक योजना तयार भइसकेको छ ।

२) सहकारी संस्थाहरूको संस्थागत क्षमता अभिवृद्धि गरी सेवाप्रवाहमा थप प्रभावकारिता ल्याउन २ वटा सहकारी संस्थाहरूलाई एकीकरण गरिएको छ।

३) स्थानीय पाठ्यक्रम लागु भएको छ।

४) स्थानीय उद्यमीहरुको प्रवर्धनका लागि साझा सुविधा केन्द्र स्थापना गर्ने कार्य सुरु भइरहेको छ ।

५) समूहमा आबद्ध महिलाहरुलाई सीपमूलक तालिम दिई आय आर्जनका क्रियाकलापमा सहभागी गराई आत्मनिर्भर गराउन उद्यमशिलता तालिम प्रदान गरिएको छ ।

६) विगतका कमिकमजोरीलाई हटाउँदै सबल पक्षलाई आत्मसात् गर्दै लगिनेछ।

"**तामाकोशी गाउँपालिकाको समृद्धिको आधार,कृषि, पर्यटन, शिक्षा, स्वास्थ्य, जलश्रोत तथा पूर्वाधार**" भन्ने मूल नारालाई आत्मसात गर्दै यस वर्षको नीति तथा कार्यक्रम अगाडि बढाइनेछ । "नागरिक सन्तुष्टि एवं सुख अभिवृद्धि" को अभिप्रायका साथ चुस्त र दुरुस्त प्रशासनिक कार्यविधि अवलम्बन गरिनेछ । आगामी आर्थिक वर्षलाई "समृद्ध, आधुनिक, शान्त एवम् स्वस्थ न्यायपूर्ण गाउँपालिका" निर्माणको आधार वर्षको रुपमा लिइनेछ । यसैबीच आगामी आर्थिक वर्षलाई दीगो विकास लक्ष्य, १५ औं योजना तथा बागमती प्रदेशको प्रथम आवधिक योजना र तामाकोशी गाउँपालिकाको प्रथम आवधिक योजनाले लिएका लक्ष्यहरु प्राप्ति गर्नका लागि कार्यान्वयनको दरिलो आधार खडा गरिनेछ ।

## शिक्षा, युवा तथा खेलकुद सम्बन्धी नीति

१. गाउँपालिकाको शैक्षिक विकासलाई गतिशिलता प्रदान गर्न शैक्षिक विकासको मेरुदण्ड " गाउँ शिक्षा योजना" निर्माण गरि पालिकास्तरीय शैक्षिक नीति र कार्यक्रममा एकरुपता ल्याउन तथा सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर सुधार गर्न नतिजामा आधारित शैक्षिक अनुदान कार्यक्रम कार्यान्वयन गरिनेछ।

२. सामुदायिक विद्यालयको समग्र शैक्षिक सुधारको लागि गतिशिल,प्रविधिमैत्री र क्षमतावान शिक्षकलाई विद्यालयको प्रशासकीय र व्यवस्थापकिय नेतृत्व प्रदान गर्न पारदर्शि प्रधानाध्यापक छनौट र नियुक्ति मार्फत कार्यसम्पादनमा आधारित प्रोत्साहन उपलब्ध गराउन आवश्यक व्यवस्था गरिनेछ।

३. मुल्याङ्कन प्रणाली व्यवस्थित गर्न गाउँपालिका स्तरीय परीक्षा संचालन समिति गठन गरिनेछ। साथै सिकाई उपलब्धि दर अभिवृद्दि गर्न SEE तथा आधारभूत तह परीक्षामा उत्कृष्ट नतिजा हासिल गर्ने विद्यालय, शिक्षक तथा विद्यार्थी सम्मान कार्यलाई निरन्तरता दिइनेछ।

४. सामुदायिक विद्यालयमा विद्यार्थी सहभागिता वृद्दि गर्न कक्षा १-३ मा अध्ययनरत सम्पुर्ण विद्यार्थीलाई विद्यालय पोषाक तथा शैक्षिक सामग्री व्यवस्था गरिनेछ।

बद्री प्रसाद शर्मा वाग्ले
प्रमुख प्रशासकीय अधिकृत

५. गाउँपालिका भित्र संचालित आधारभुत तथा माध्यमिक विद्यालयहरुमा अध्ययनरत छात्राहरुको विद्यालय नियमितताको लागि स्यानिटरी प्याडको प्रयोग र व्यवस्थापन सम्बन्धी अभिमुखिकरण कार्यक्रम संचालन गरिनेछ।

६. आधारभूत तथा माध्यमिक तहका विद्यार्थी तथा प्रारम्भिक वालकक्षामा निर्धारित मापदण्ड अनुरुप बसाई व्यवस्था र सरसफाईलाई ध्यान दिई फर्निचर , सिकाई सामग्री, मनोरञ्जन सामग्री, अडियो भिडियो सामग्री सहित  आकर्षक र सूचना प्रविधिमैत्री कक्षाकोठा व्यवस्थापन गर्न जोड दिइनेछ।

७. गाउँपालिकाका भित्र संचालित सामुदायिक सिकाई केन्द्रलाई भौतिक पूर्वाधार सम्पन्न गराई साक्षरता शिक्षा,निरन्तर शिक्षा अभिभावक शिक्षा, सिपमुलक तथा सचेतनामूलक कार्यक्रम संचालन गर्न प्रोत्साहन गरिनेछ।

८. गाउँपालिका सरहदभित्र संचालित विद्यालयहरुको शैक्षिक कार्यक्रममा एकरुपता कायम गर्न वार्षिक शैक्षिक पात्रो प्रकाशन गरिनेछ।

९. आवश्यकताका आाधारमा शिक्षकको दरबन्दी मिलान गरी शिक्षक विद्यार्थी अनुपात मिलाइनेछ। उपयुक्त मापदण्ड तय गरी विद्यालय गाभ्ने एवं कक्षा थपघट गरिनेछ।

१०. शिक्षक स्वर्णिम अवकाश योजना मार्फत ५५ वर्ष उमेर र २० वर्ष सेवा अवधि पुरा भइ शिक्षण पेशाप्रति प्रतिवद्ध रहि सेवा पुर्‍याउनु भएका शिक्षकहरुलाई सामाजिक तथा मौद्रिक उत्प्रेरणा प्रदान गर्दै समाजमा सम्मानित नागरिकको रुपमा स्थापित गराउन तथा नवप्रतिभालाई शिक्षण पेशामा आकर्षित गरी शैक्षिक विकासमा आवद्ध गर्न आवश्यक व्यवस्था गरिनेछ।

११. विद्यालयहरुलाई मर्यादित, अनुशाशित एवं व्यवस्थित बनाइ शैक्षिक विकासमा सघाउन गाउँ शिक्षा समिति, वडा शिक्षा समिति र विद्यालय व्यवस्थापन समितिहरुलाई थप जिम्मेवार बनाइनेछ। शिक्षक विद्यार्थी अभिभावक सम्बन्ध सुमधुर बनाउन शिक्षक, विद्यार्थी तथा अभिभावक संग अन्तरकृया कार्यक्रम संचालन गर्न आवश्यक व्यवस्था गरिनेछ।

१२. गाउँपालिका सरहद भित्र रहेका विद्यालयहरुबिच शैक्षिक गुणस्तर अभिवृद्धि गर्न तहगत रुपमा अन्तर विद्यालय अतिरिक्त क्रियाकलाप संचालन तथा शैक्षिक प्रदर्शनी आयोजना गरिनेछ।

१३. शिक्षकहरुलाई तहगत तथा विषयगत रुपमा छोटो तथा लामो अवधिको तालिमको आयोजना गरी थप ज्ञान, सिपको विकास गराई शिक्षण सिकाई सहजीकरण प्रक्रियालाई प्रविधिमैत्री बनाउँदै लगिनेछ। साथै प्रधानाध्यापक र शिक्षकहरुलाई विद्यालयप्रति जिम्मेवार बनाई शैक्षिक विकासमा क्रियाशिलल बनाउन क्षमता विकासको तालिमद्वारा प्रशासनिक र व्यवस्थापकिय क्षमता अभिवृद्धि गरिनेछ।

१४. खेलकुदको माध्यमबाट सक्षम र अनुशासित नागरिक उत्पादनमा सहयोग पुरयाई खेल क्षेत्रको विकासमा सहयोग गर्न गाउँपालिका स्तरीय खेलकुद विकास समिति गठन,विभिन्न प्रतियोगिता संचालन तथा राष्ट्रपति खेलकुद प्रतियोगितालाई थप व्यवस्थित गर्न आवश्यक व्यवस्था गरिनेछ।

के.सी.
अध्यक्ष

उपाध्यक्ष

बद्री प्रसाद शर्मा वाग्ले
प्रमुख प्रशासकीय अधिकृत

१५. विषयगत शिक्षक व्यवस्था गरी गुणस्तरीय शिक्षाको प्रत्याभुती गर्न संचालित विद्यालय शिक्षक अनुदान कार्यक्रमलाई निरन्तरता दिदै रिक्त शिक्षक पदमा शिक्षक पदपुर्ति गर्ने कार्यलाई व्यवस्थित गरिनेछ।

१६. विश्व स्काउटको सिद्धान्त, मूल्य र मान्यताका साथै नेपाल स्काउटको ऐन,नियम तथा राष्ट्रिय प्रधान कार्यालयका नीति तथा कार्यक्रमको कार्यान्वयनका लागि स्थानीय स्काउट कार्यालयलाई आवश्यक अनुदानको व्यवस्था गरिनेछ। साथै स्थानीय स्काउट कार्यलयमार्फत विद्यालयहरुमा स्काउट शिक्षा संचालन गर्न विद्यालयहरुलाई प्रोत्साहन गरिनेछ।

१७. वालविकास,विद्यालय कर्मचारी तथा सहयोगीको नेपाल सरकारले तोकेको न्युनतम पारिश्रमिक उपलब्ध गराउन गाउँपालिकाबाट थप बजेट विनियोजन गरिनेछ।

१८. सामुदायिक विद्यालयप्रति आम अविभाकको अपनत्व, विद्यार्थी सहभागिता अभिवृद्धि तथा अध्ययनरत सम्पुर्ण विद्यार्थीको विद्यालय शिक्षा पछिको उच्च शिक्षामा पहुँच सुनिश्चिताको लागि विद्यार्थी सहयोग बचत अभियान कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१९. शिक्षकहरुको मनोबल उच्च बनाई शिक्षण पेशाप्रति अभिरुचि जगाउन नियमित प्रधानाध्याकहरुसँगको मासिक समिक्षा तथा अन्तरक्रिया कार्यक्रम संचालन गर्न आवश्यक व्यवस्था गरिनेछ।

२०. सामुदायिक विद्यालयहरुको वृहत्तर विकासको साथै कार्यक्रम कार्यान्वयन र शिक्षण सिकाइमा सहयोग गर्न प्रभावकारी ढङ्गले अनुगमन तथा मूल्याङ्कन गर्ने कार्यलाई व्यवस्थित गरिनेछ।

२१. आगामी शैक्षिक सत्रदेखि लागु गर्ने गरि स्थानीय पाठ्यपुस्तक लेखन तथा छपाई गर्न आवश्यक व्यवस्था गरिनेछ।

२२. शैक्षिक निति तथा कार्यक्रमलाई प्रभावकारी ढंगले कार्यान्वयन गर्न विद्यमान शिक्षा ऐन तथा कार्यविधिहरुमा आवश्यक संशोधन गरि नितिगत सुधार गरिनेछ।

२३. विद्यार्थीको सिकाईमा सुधार गर्न "विद्यार्थी सँग अविभावक-अविभावक सँग विद्यालय" कार्यक्रम संचालन गरिनेछ।

२४. सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीमा उद्यमशिलता,स्वावलम्बन तथा व्यावशायिक सोच विकास गरि आत्म निर्भर बनाउन विद्यालयहरुलाई उत्पादन सँग जोड्दै आय आर्जन गर्न " शिक्षा सँगै सिप " कार्यक्रम संचालन गर्न आवश्यक व्यवस्था गरिनेछ।

२५. नमुना विद्यालय विद्यालय विकासको लागि विद्यालयलाइ सवारी साधन उपलब्ध गराउन आवश्यक व्यवस्था गरिनेछ।

२६. विद्यालयमा विद्यार्थी टिकाउन विद्यालयमा गुणस्तरीय दिवा खाजाको लागि आवश्यक प्रबन्ध गरिनेछ।

२७. प्रतिस्पार्धाको आधारमा सामुदायिक विद्यालयमा प्रधानाध्यापक छनौटको नीति लिइनेछ।

## स्वास्थ्य सम्बन्धी नीति

२८. स्वास्थ्य सेवाको गुणस्तर र पहुँच अभिवृद्धि गर्न जनस्वास्थ्य ऐन जारी गरिनेछ ।

२९. नागरिक आरोग्यता प्रबर्धन गर्न उपयुक्त आहार, बिहार, ध्यान, योग, प्राणायाम आदिबारे बिद्यालय तह समेतमा सचेतना कार्यक्रमहरु मार्फत निरोगी बन्न प्रोत्साहित गरिनेछ ।

३०. सार्वजनिक स्थलमा धुम्रपान गर्न निषेध गर्ने ब्यवस्था तथा सूर्तिजन्य पदार्थ नियन्त्रण तथा नियमन गर्ने ऐनलाई प्रभाबकारी कार्यान्वयन गर्ने प्रबन्ध मिलाइनेछ ।

३१. गाउँपालिकाभित्र एकीकृत एम्बुलेन्स सेवा संचालनलाई थप ब्यवस्थित बनाइनेछ ।

३२. एक विद्यालय एक नर्स कार्यक्रमलाई आवश्यकता अनुसार विस्तार गर्न आवश्यक प्रबन्ध मिलाइनेछ।

३३. आयुर्बेद उपचार पद्धतिलाई प्रबर्धन गरी जनस्वास्थ्य सेवा अभिवृद्धि गरिनेछ ।

## पूर्वाधार सम्बन्धी नीति

३४. आगामी आर्थिक वर्षभित्रमा गाउँपालिकाक्षेत्रभित्र रहेका सडक, खानेपानी पाइपलाइन, सडक बत्ति, टेलिफोन लगायतका सबै भौतिक पूर्वाधारहरुलाई थप व्यवस्थित गरी " एक वडा एक सडक " का रुपमा प्रभाविकारी रुपमा अगाडि बढाइन्छ ।

३५. गाउँपालिका क्षेत्रभित्र रहेका सामुदायिक बिद्यालय, सार्वजनिक संस्था तथा सार्बजनिक शौचालयहरुलाई स्तरोन्नति गरी अपाङ्गता, लैङ्गिक तथा बालमैत्री बनाइनेछ । निजी क्षेत्रसंगको सहकार्यमा सार्बजनिक शौचालयहरु संचालन तथा ब्यबस्थापन गरी शौचालयको सुविधामा नागरिकको सहज पहुँच वृद्धि गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

३६. गाउँपालिकाको **Lifeline** को रुपमा रहेको जफे– मालु– हाँवा जिरी सडक र भिरकोट– झुले– छौंडे– खावा सडकलाई स्तरोन्नती गर्न संघीय सरकार र प्रदेश सरकारसँग आवश्यक समन्वय र पहल गरिनेछ । एक वडा एक विशेष महत्वको सडकलाई निरन्तरता दिइनेछ।

३७. गाउँपालिका भित्रको यातायातलाई बाह्रै महिना सञ्चालन गर्न सडकको स्तरोन्नति गरिनेछ । विभिन्न प्राकृतिक कारणले अवरुद्ध सडक सुचारु गर्न "आकस्मिक मर्मत सम्भार तथा व्यवस्थापन कोष" बाट खर्च गर्न सकिने व्यवस्थालाई निरन्तरता दिईनेछ ।

३८. ग्रामीण सडकको दिगो सञ्चालन तथा व्यवस्थापनका लागि उपयुक्त प्रविधिको विकास गरी स्तरोन्नति गरिनेछ । पानीको वहावबाट हुने क्षति कम गर्न सडकको दायाँ बायाँ नालीको निर्माणलाई अनिवार्य गरिनेछ ।

३९. गाउँपालिकाका सडकहरुमा सडक श्रृखला (**Road Chainage**) निर्माण गरिनेछ । सडकको जग्गा कित्ता काट गर्ने कार्यको सुरुवात गरिनेछ । सडकको चौडाई, घुम्तिको दुरी **Road** को **Grade** व्यवस्थापनका लागि

इन्जिनियरिङ मापदण्ड अनुसार कार्यान्वयनको व्यवस्था मिलाइनेछ । सडकको दायाँ वायाँ गरिने वृक्षारोपण कार्यलाई निरन्तरता दिइनेछ ।

४०. गाउँपालिकाको केन्द्रबाट वडाको केन्द्रसम्म पुग्ने सुरक्षित र भरपर्दो सडक निर्माण गरी क्रमिक रुपमा सार्वजनिक यातायातको व्यवस्था गर्न आवश्यक तयारी थालिनेछ ।

४१. सहभागितामूलक विकास कार्यका लागि जनताको सक्रिय एवं अर्थपूर्ण सहभागिता अभिवृद्धि गर्न विकासमा साझेदारी कार्यक्रमलाई निरन्तरता दिईनेछ । यसका लागि आवश्यक समपूरक कोष (**Matching Fund**) मा थप बजेटको व्यवस्था गरिनेछ ।

४२. गाउँपालिका भित्र भूकम्प प्रतिरोधी घर निर्माणका लागि अनिवार्य गरिनेछ ।

४३. गाउँपालिका भित्र आवश्यक स्थानहरुमा सार्वजनिक शौचालयको निर्माण र निर्मित घरहरुको अभिलेखिकरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

४४. गाउँपालिका अन्तर्गत प्रत्येक वडामा सम्पन्न भएका योजनाहरु हस्तान्तरण गरी गुणस्तरता कायम राख्नका लागि मर्मत संभार कोषबाट मर्मतको व्यवस्था गरिनेछ ।

४५. गाउँपालिका अन्तर्गत प्रत्येक वडाहरुमा संचालन गरिने योजनाहरु डिजाइन तथा लगत इस्टिमेट अनुसार कार्यान्वयन गर्नका लागि उपभोक्ता समितिहरुलाई उचित तालिमको व्यवस्था गरिनेछ ।

४६. प्राविधिक कर्मचारीहरुको सीप विकासको लागि कम्प्युटर तथा सार्वजनिक खरिद ऐन सम्बन्धी तालिमको आवश्यकता महसुस गरी तालिम दिने व्यवस्था मिलाइनेछ ।

## कला, संस्कृति तथा पर्यटन सम्बन्धी नीति

४७. स्थानीय समुदायहरुद्धारा उत्पादित मौलिक र परम्परागत हस्तकला तथा अन्य सामाग्रीको बजार व्यवस्थापनको उचित प्रबन्ध मिलाईनेछ ।

४८. पर्यटनलाई गरीबी निवारणसँग आबद्ध गरी प्रभावकारी कार्यक्रम सञ्चालन गरिनेछ ।

४९. पर्यटकीय दृष्टिले महत्वपूर्ण पर्यटक स्थलको खोजी, पूर्वाधारको निर्माण, विकास र सञ्चालन गर्न विविध क्रियाकलाप र गतिविधि अपनाइने छ ।

५०. ऐतिहासिक, पुरातात्विक तथा साँस्कृतिक सम्पदाको संरक्षण, संवर्धन र विकासका लागि स्थानीय जनसहभागितामा आधारित कार्यक्रम सञ्चालनमा ल्याइनेछ ।

५१. स्थानीय संस्कृति र कलाको विकास गरी स्थानीय सिर्जनशीलतालाई प्रोत्साहन गर्न “एक क्षेत्र एक पहिचान” कार्यक्रम अगाडि बढाई कार्यान्वयनमा ल्याइनेछ ।

५२. गाउँपालिका भित्रको भौगोलिक विशिष्टतालाई मध्यनजर गर्दै जातिय तथा धार्मिक सम्प्रदायका बीच सहिष्णुताको थप प्रवर्द्धन गर्न सामाजिक — साँस्कृतिक बहुलवादको नीति अवलम्बन गरिनेछ ।

५३. नेपाली भाषा,साहित्य,कला,स्थानीय भाषा एवं संस्कृतिको संरक्षण,प्रवर्द्धन एवं प्रचार प्रसार गर्ने कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

## संस्थागत बिकास तथा सुशासन सम्बन्धी नीति :

५४. गाउँपालिकाको संगठन संरचना, स्वीकृत दरवन्दी र पदाधिकारी तथा प्रशासनिक एकाइहरुको कार्य विवरणलाई प्रभाबकारी रुपमा कार्यान्वयन गरिनेछ |

५५. कर्मचारीबाट वाञ्छित लक्ष्य हासिल गर्न नतिजामा आधारित कार्य सम्पादन एवं प्रोत्साहन प्रणाली अवलम्वन गरिनेछ | गाउँपालिकाका प्रत्येक कर्मचारीको कार्य व्यवहारलाई पारदर्शी, जनमैत्री र सुशासनयुक्त बनाउन आवश्यक कानूनी प्रवन्ध गरी कार्यान्वयन गरिनेछ ।

५६. गाउँपालिकाका सबै कार्यालयमा सिसिटिभी जडान गरी सेवा प्रवाहलाई प्रत्यक्ष निगरानीमा राखिनेछ |

५७. स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन LISA (Local Institutional Self Assesment ) तथा स्थानीय तह वित्तीय सुशासन तथा जोखिम मूल्याङ्कन प्रणालीलाई थप व्यवस्थित गरिनेछ ।

## राजस्व तथा वित्त ब्यबस्था सम्बन्धी नीति :

५८. गाउँपालिकाले संबिधान तथा कानुन बमोजिम असुल गर्ने राजस्व (कर तथा गैरकर) प्रशासनलाई न्यायोचित, पारदर्शी र बैज्ञानिक बनाउन आवश्यक प्रबन्ध मिलाइनेछ |

५९. करदाताहरुलाई कर प्रणालीमा स्वेच्छिक रुपमा सहभागी गराउन समग्र राजस्व प्रणालीलाई करदातामैत्री बनाइनेछ |

६०. कर तथा गैरकर राजस्वको अनुगमन गर्न बिशेष टोली गठन गरी परिचालन गरिनेछ |

६१. गाउँपालिकाले कर संकलनको लागि ब्यवस्था गरेको अनलाइन प्रणालीलाई थप ब्यबस्थित गरी सबै करहरुलाई करदाताको पहुँचमा वृद्धि गर्न आवश्यक प्रबन्ध मिलाइनेछ |

६२. म्यानुअल रुपमा रसिद काटी राजश्व संकलन गर्दै आइएकोमा सो पद्यतिलाई विस्थापन गरी कम्प्युटरीकृत राजस्व व्यवस्थापन प्रणाली प्रयोगमा ल्याई राजश्व संकलन प्रक्रियालाई व्यवस्थित बनाइनेछ ।

६३. सम्पत्ति कर तथा व्यवसाय करको कार्यान्वयनका लागि आवश्यक कानुनी तथा प्रक्रियागत व्यवस्था मिलाइनेछ ।

६४. आम जनतामा कर तथा राजश्वको महत्वका बारेमा सुसूचित गराउने हेतुका साथ करदाता शिक्षा कार्यान्वयनमा ल्याइनेछ ।

बद्री प्रसाद शर्मा वाग्ले
प्रमुख प्रशासकीय अधिकृत

<u>कृषि तथा पशु विकाससम्बन्धी नीति</u>

६५. गोठ देखी ओठ सम्म" भन्ने नारालाई आत्मसाथ गर्दै स्वच्छ दुध उत्पादन गर्न कृषकको गोठ देखी उपभोक्ताको ओठ सम्म हाईजेनिक दुधको उपलब्धताको लागि नश्ल सुधार र गोठ-खोर सुधार कार्यक्रम सञ्चालनमा ल्याईनेछ।

६६. "तामाकोशी गाउँपालिकाको साथ, कृषकलाई राहत" अभियानका साथ बाली तथा माटो परीक्षण शिविर सञ्चालन गरी माटोको प्रकार, गुणस्तर र हावापानी अनुकूल खेती गर्न एवं उचित मात्रामा मल, बीउ र विषादीको प्रयोग गर्न तालिम तथा प्राविधिक सेवा उपलब्ध गराइनेछ।

६७. संघीय सरकारको नीति अन्तर्गत एक गाउँ, एक कृषि तथा पशु प्राविधिक निरन्तरता दिन आवश्यक बजेटको व्यवस्था गरिनेछ।

६८. दुग्ध जन्य उत्पानको गुणस्तर कायम गरि उचित ढुवानीको लागि कृषकहरूलाई मिल्क क्यान वितरण गरिनेछ। साथै, पशुपंछीको उत्पादकत्वलाई मध्यनजर गर्दै कृतिम गर्वधान सम्बन्धी तालिम प्रदान गर्ने व्यवस्था गरिनेछ।

६९. गाउँपालिका तथा अन्य निकायबाट प्रदान गरिने सेवा सुविधाहरु जस्तै अनुदान, तालिम तथा बजारीकरणको व्यवस्थालाई कृषक समूह \ कृषि फर्म मार्फत सञ्चालन गर्नका निमित्त कृषि तथा पशुपालन समूह परिचालनमा ल्याईनेछ। साथै, किसान सूचिकरण कार्यक्रममा सूचिकृत कृषकहरू नामावली तयार गरी छुटेका किसानहरूलाई सो प्रणालीमा आवद्ध गरिनेछ।

७०. रासायनिक विषाधीको प्रयोगलाई न्यूनिकरण गर्न जैविक बिषादीको प्रयोग सूचारू गरिनेछ।

७१. कृषि तथा दुग्ध उत्पादनको सम्भावना भएका गाउँपालिकाको क्षेत्रहरुमा कृषि तथा दुग्ध उपज संकलन केन्द्र, हाट वजार तथा शीत भण्डारण स्थलहरु क्रमागत रुपमा स्थापना गर्दै लगिनेछ। उत्पादन भएका सामाग्रीहरूको बिक्री वितरण, व्यवसायीकरण तथा बजारीकरणको सुनिश्चितता मार्फत उत्पादन तथा आम्दानी बृद्धि गर्न सहयोग पुऱ्याइनेछ। साथै, अनुदानमा उपलब्ध हुने रासायनिक मल कृषकहरूलाई सहुलियतमा प्रदान गरिने व्यवस्था गरिनेछ।

७२. कृषि एवं पशु विकासको क्षेत्रको व्यवसायीकरण, विविधिकरण एवं यान्त्रीकरणका लागि आवश्यक सामाग्री तथा प्राविधिकको व्यवस्था गरिनेछ। साथै, यस कार्यलाई सहजीकरण गर्न संघीय सरकार एवम् प्रदेश सरकारसँग पहल गरिनेछ।

७३. तरकारी, मसलाबाली, फलफूल, जडिबुटि, डालेघाँस एवं पोसिला हिउँदे, बर्षे तथा बहुवर्षे घाँसका वीऊ एवं विरुवाको सुलभ मूल्यमा वितरणको व्यवस्था गरी पकेट क्षेत्रका रूपमा स्थापना गर्दै एक वडा एक

उत्पादनको अवधारणा अगाडि बढाइनेछ । साथै, प्रविधियुक्त नर्सरी स्थापनाको कार्यक्रम सञ्चालनमा ल्याईनेछ।

७४. विद्यमान जुनोटिक रोग, लम्फी स्किन, फौजी किराको प्रकोप जस्ता रोगको बारेमा जनचेतना कार्यक्रमलाई प्रभावकारी बनाई रोग नियन्त्रण कार्यमा निरन्तरता दिईनेछ।

७५. उत्पादन र बजारको सम्भाव्यताको आधारमा क्षेत्र पहिचान गरी गाई भैंसी, बाख्रा, बंगुर र मत्स्य प्रवर्धन कार्यक्रम सञ्चालन गरिनेछ।

७६. गाई/भैंसी सुत्केरी स्याहार स्वरूप प्रति सुत्केरी एक हजार रुपैयाँका दरले अनुदान दिने व्यवस्था मिलाईनेछ।

७७. लोपोन्मुख अवस्थामा रहेका भेडा पालन व्यवसायलाई संरक्षण गरी ऊन र मासु उत्पादनमा बृद्धि गर्न भेडा प्रवर्धन कार्यक्रम सञ्चालन गरिनेछ।

७८. गाउँपालिका भित्र रहेका पशुपंक्षीहरु स्वस्थ राखी आयआर्जन बृद्धि गर्न सम्पूर्ण पशुपंक्षीपालक कृषकहरुका पशुपंक्षीहरुलाई रोग निदान गरि पशु उपचार/पशु स्वास्थ्य शिविर/रेविज रोग नियन्त्रण तथा खोप सेवा संचालन गरिनेछ।

७९. व्यवसायिक पशुपालक कृषकहरुलाई प्रति लि. दूध उत्पादनमा अनुदान दिने कार्यक्रमलाई निरन्तरता दिइनेछ।

८०. कृषि जन्य उत्पादनमा बाँदरको क्षती वाट हुन जाने नोक्सानलाई न्यूनिकरण गर्न बाँदर नियन्त्रण गर्ने उपाय तथा प्रबिधिको परिक्षण गरिनेछ।

८१. नागरिकको खाद्य सुरक्षाको अधिकारलाई सुनिश्चित गर्न कृषिमा आधारित कार्यक्रम संचालनमा ल्याइनेछ ।

८२. ग्रामीण कृषि जन्य उत्पादनलाई बजार सम्म पुर्याउने व्यवस्था मिलाउन कृषि एम्बुलेन्सको व्यवस्था गरिनेछ ।

**<u>सामाजिक विकास सम्बन्धी नीति</u>**

८३. लक्षित वर्गको आर्थिक— सामाजिक— सांस्कृतिक रुपान्तरण गर्न आय आर्जन, नेतृत्व विकासका लागि आय आर्जन क्षमता विकास र सशक्तिकरणका कार्यक्रम सञ्चालनमा ल्याइनेछ ।

८४. ज्येष्ठ नागरिक तथा विकलाङ्ग नागरिकहरुको लागि सरल जीवन व्यतित गर्न आवश्यक विशेष कार्यक्रमको व्यवस्था गरिनेछ ।

८५. बहुविवाह, दाईजो प्रथा, जातिय छुवाछुत, अनमेल विवाह, बोक्सी प्रथा जस्ता सामाजिक कुरिति, कुसंस्कार एवं रुढिवादी परम्पराको अन्त्य गर्न सांस्कृतिक सुधार कार्यक्रमलाई विद्यालय स्तरबाटै सुरुवात गरिनेछ ।

८६. महिला विरुद्ध हुने घरेलु हिंसा अन्त्य गर्न तथा उनीहरुको घरेलु श्रमको मौद्रिक मुल्यमा मुंल्याङ्कन गर्न जनचेतना अभिवृद्धि गर्दै आवश्यक संरचनागत व्यवस्था गरिनेछ ।

८७. महिला बालबालिका तथा अपांगता भएका व्यक्तिहरु, अल्पसंख्यक समूदायको लागि लैगिक समानता एवं सामाजिक समावेशीकरण (Gender Equality and Social Inclusion) का विशेष कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ ।

८८. गाउँपालिका तथा वडास्तरमा महिला तथा दलित सञ्जाल गठन गरी सशक्तिकरणका लागि आवश्यक व्यवस्था गरिनेछ ।

८९. प्रत्येक टोलमा टोल विकास संस्था गठन गर्न प्रोत्साहन गरिनेछ ।

९०. लक्षित वर्गको उत्थानका लागि गाउँपालिका स्तरिय लक्षित वर्ग उत्थान समिति गठन गरी आर्थिक सामाजिक उत्थानका कार्यक्रमहरु सञ्चालनमा ल्याइनेछ ।

९१. लैंगिक हिंसाको पहिचान तथा यससँग सम्बन्धी मौजुदा कानून ऐन तथा नियमावली बारे जानकारी गराउने अन्तरक्रिया, अभिमुखिकरण तथा सचेतनामूलक कार्यक्रम सञ्चालनमा ल्याइनेछ ।

९२. लैंगिक हिंसा निवारण कोष सञ्चालनमा ल्याई पीडितलाई आवश्यक राहत सहायता र पुनर्थापनाका कार्यक्रम सञ्चालनमा ल्याइनेछ ।

९३. बाल विवाह अन्त्य गर्ने रणनीतिक योजना अनुरुप कार्यक्रम सञ्चालनमा ल्याई बाल विवाह मुक्त स्थानीय तह घोषणा गरिनेछ ।

९४. बालबालिका माथि हुने सबै किसिमका हिंसा न्यूनिकरण गरी संरक्षण गर्ने कार्यक्रम सञ्चालनमा ल्याई स्थानीय तह सञ्चालन प्रक्रियामा बालबालिकाको उपयुक्त सहभागिता सुनिश्चित गरी बालमैत्री स्थानीय तह प्रोत्साहन कार्य अगाडि बढाइनेछ ।

९५. अपांगता भएका व्यक्तिलाई समुदायमा आधारित पुनर्स्थापना कार्यक्रमलाई निरन्तरता दिई "ग" वर्ग अन्तर्गतका अपांगता भएका व्यक्तिहरुलाई दिइदै आएको सामाजिक सुरक्षा भत्तालाई निरन्तर दिइने छ । साथै सबै किसिमका अपांगता भएका व्यक्तिहरुको जीवनयापन सहजीकरणका लागि आवश्यक सामग्री वितरण तथा आयआर्जनमुखि कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

९६. महिला तथा बालबालिकामाथि घट्न सक्ने सम्भावित हिंसाजन्य घटनालाई प्रतिकार गर्न सक्ने क्षमता अभिवृदि गर्ने अभिप्रायका साथ आत्मरक्षा कार्यक्रम संचालनमा ल्याइनेछ ।

९७. दलित समुदायको सहभागितामा दलित समुदायसँग गाउँपालिका कार्यक्रमको कार्यविधि वनाई कार्यान्वयन गरिनेछ ।

**सहकारी सम्बन्धी नीति**

९८. गाउँपालिकाको क्षेत्राधिकार भित्र दर्ता भएका सहकारीहरूको बार्षिक एक पटक सघन अनुगमन गर्ने व्यवस्था मिलाईनेछ। सघन अनुगमनबाट प्राप्त प्रतिबेदनका आधारमा सहकारी संस्थाहरूको व्यवस्थापकीय

क्षमता विकास, संस्थागत सुशासन लगायतको बिषयमा थप योजना तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनेछ।

९९. गाउँपालिका भित्र दर्ता भएका सहकारीहरूलाई एक आपसमा एकीकरण गर्न कार्यलाई निरन्तरता दिइनेछ ।

__सीप बिकास तथा उद्यमशीलता प्रबर्धन सम्बन्धी नीति__ :

१००. समाजका हरेक पक्षको आर्थिक सामाजिक रुपान्तरणका लागि अपेक्षित उपलब्धि हासिल गर्न उपलब्ध स्रोत साधनको समुचित उपयोगको नीति अवलम्बन गर्दै स्थानीय स्तरमा खेर गईरहेको श्रमलाई उत्पादनमा जोड्ने एवं हाते सीपमूलक आयआर्जनमा आधारित लघु उद्यम कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१०१. युवाहरुको समूह, अध्येता वा विशेष अध्ययन अनुसन्धान केन्द्रहरुलाई सिपमुलक कार्यक्रम तथा स्थानीय रोजगारको प्रवर्द्धन गर्न निजी लगानीलाई आकर्षण गर्ने अवधारणा अंगिकार गर्दै उद्यम शुरु गर्न प्रोत्साहन, अनुदान एवं सहुलियत ऋण प्रदान गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१०२. सम्भावित नदीहरुलाई जल विद्युतका निम्ति Desk study का साथै सम्भाव्यता अध्ययन गर्दै तामाकोशी गाउँपालिका स्थित तामाकोशी तेस्रो, खिम्ति २ जलविद्युत आयोजना र स्थानीय निर्माण व्यवसायीहरुसँग स्थानीय रोजगारी सृजना र स्थानीय आर्थिक विकासको सन्दर्भमा सहकार्य गर्ने नीति अवलम्बन गरिनेछ ।

१०३. औद्योगिक ग्राम स्थापनाका लागि प्रदेश सरकारसँग पहल गरी आवश्यक कार्य अगाडि बढाइनेछ ।

__विपद् व्यवस्थापन सम्बन्धी नीतिः__

१०४. संघ प्रदेश र स्थानीय तहको सहकार्यमा मनसुन्जन्य विपद र आगोलागि जन्य विपद् बाट क्षति भएका घरहरुको पुनर्निमाण तथा मर्मत सम्भारको लागि आवश्यक प्रक्रिया अगाडी बढाइनेछ ।

१०५. जोखिम तथा विपद व्यवस्थापनका लागि गाउँपालिका तथा वडा स्तरमा गठित विपद् व्यवस्थापन समितिहरुलाई स्रोत साधनयुक्त बनाई क्षमता अभिवृद्धि गरिनेछ । प्रत्येक वडामा विपद् प्रतिकार्य स्वयंसेवक समिति गठन गरिनेछ ।

१०६. सम्भावित जोखिमका क्षेत्रमा क्षति कम गर्ने तथा पुनस्थापनाका लागि पालिकामा आपतकालिन कार्यसञ्चालन केन्द्र स्थापना गरिनेछ । हरेक वडामा आपत्कालिन सुरक्षा केन्द्रहरु क्रमशः रुपमा स्थापना गर्दै लगिनेछ ।

## सूचना तथा सञ्चार प्रविधि सम्बन्धी नीति

१०७. योजना, राजश्व संकलन तथा वडा र गाउँपालिकाबाट उपलब्ध गराईने सम्पूर्ण सिफारिस सम्बन्धी कामकाजलाई चुस्त, दुरुस्त र पारदर्शी बनाउन सफ्टवेयरहरुको व्यवस्था गरिनेछ।

१०८. विभिन्न कार्यालयहरु र मुख्य सार्वजनिक स्थल तथा गाउँपालिका प्रवेश गर्ने मुख्य नाकाहरुमा CCTV जडान गरी सुरक्षा निगरानी गर्ने व्यवस्थालाई थप मजबुद गरिनेछ ।

१०९. गाउँपालिकामा डाटा सेन्टर स्थापना गर्ने उद्देश्य स्वरुप गाउँपालिकामा केन्द्रिकृत सर्भर (Centralized Server) स्थापना गरी मातहतका सबै कार्यालयहरुलाई सञ्जाल मार्फत जोडी सेवा प्रवाहसँग सम्बन्धित विविध गतिविधिहरुलाई प्रविधिमैत्री बनाईनेछ ।

११०. गाउँपालिका भित्रका सम्पूर्ण सरकारी निकायहरुमा क्षतिपुर्ति सहितको नागरिक वडापत्रलाई दैनिक सेवा प्रवाहमा जोडिनेछ र कार्यालयका कर्मचारीहरुलाई क्षमता अभिवृद्धि गर्न समय समयमा आवश्यक तालिमहरु प्रदान गरिनेछ ।

## खानेपानी तथा सरसफाई सम्बन्धी नीति

१११. पिउने पानीका स्रोतहरुको पहिचान, पुराना धारा एवं ट्याङकीहरुको मर्मत सम्भार गरी पिउने पानीको उचित व्यवस्था गर्न एक घर एक धारा कार्यक्रमलाई निरन्तरता दिइनेछ । हरेक वडाको खानेपानी योजनामा दक्ष प्लम्बरको व्यवस्थाको लागी तालिम कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

११२. पिउने पानीको दिगो स्रोत उपलब्ध नभएका स्थानहरुमा वैकल्पिक स्रोतको पहिचान गरिनेछ। शुद्ध पिउने पानी हरेक व्यक्तिको अधिकारको रुपमा मनन् गर्दै पानी शुद्धिकरणका प्रविधि तथा तरिकाहरु प्रचारप्रसार गरी स्वच्छ पानी सुनिश्चितताका लागि फिल्टर प्रयोगलाई प्रवर्द्धन गर्न जनस्तरमा चेतना अभिवृद्धि गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

## रोजगारी विकास सम्बन्धी नीति

११३. न्यूनतम रोजगारीको प्रत्याभूति गर्ने गरी प्रधानमन्त्री रोजगार कार्यक्रम लगायतका विशेष कार्यक्रमहरु प्रभावकारी रुपमा सञ्चालन गरिनेछ। सोही प्रकृतिको तामाकोशी रोजगार कार्यक्रम पनि सञ्चालनमा ल्याइनेछ।

११४. बैदेशिक रोजगारीमा जाने व्यक्तिहरुको व्यक्तिगत श्रम स्वीकृत र पुनः श्रम स्वीकृतीको लागि रोजगार सेवा केन्द्र मार्फत आवेदनको लागि आवश्यक सहजिकरणको व्यवस्था मिलाइनेछ ।

११५. गाउँपालिका भित्रका स्वरोजगार बन्न चाहने युवा तथा उद्यमीहरुलाई सहुलियत दरमा कर्जा उपलब्धतको लागि सहकारी तथा वित्तिय संस्थाहरुसँग सहकार्य समन्वय गरी व्यवसायको लागि आवश्यक कर्जा उपलब्धताको लागि सहयोग गरीनेछ ।

## वन तथा वातावरण सम्बन्धी नीति

११६. गाउँपालिका क्षेत्रभित्रका प्राकृतिक सम्पदाको दीगो उपयोग र संरक्षणको नीति अवलम्बन गरिनेछ ।

११७. पहिरोको उच्च जोखिममा रहेका क्षेत्रहरुमा भूक्षय एवं पहिरो नियन्त्रणका विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

११८. उपयुक्त सार्वजनिक स्थलमा वृक्षरोपण गर्ने कार्यलाई निरन्तरता दिइनेछ । पहिरोको जोखिम तथा भुक्षय ग्रस्त क्षेत्रहरुमा बाँस, लगायत अन्य उपयुक्त विरुवा रोप्नु संरक्षण एवं उपयोग कार्यमा निम्न आय भएका व्यक्ति, भूमिहिन किसान तथा अल्पसंख्यकको संलग्नताको सुरुवात गरिनेछ ।

११९. खेर जाने वन पैदावरबाट कागज उत्पादन एवं वैकल्पिक ऊर्जाको विकासका लागि आवश्यक व्यवस्था मिलाइनेछ । हरेक वडालाई धुवाँमूक्त बनाउन धुवाँरहित सुधारिएको चुल्हो तथा विद्युतिय चुल्होको प्रयोगलाई प्रोत्साहित गर्ने कार्यलाई निरन्तता दिइनेछ ।

१२०. सामुदायिक वन व्यवस्थापनलाई प्रभावकारी वनाइनेछ ।

१२१. खाली भएको क्षेत्रमा वृक्षारोपन गर्ने र डढेलो नियन्त्रमा सचेतना कार्यक्रम सन्चालन गरिनेछ ।

## सामाजिक सुरक्षा तथा संरक्षणसम्बन्धी नीति

कठिन भौगोलिक परिस्थिति तथा यातायात सञ्चालिकरणको समस्यका कारण बैंकिङ प्रणाली मार्फत वितरण गर्दै सामाजिक सुरक्षा भत्ता लिनका लागि विशेषत ज्येष्ठ नागरिक तथा अपांगता भएका व्यक्तिहरुलाई लक्ष्मी बैंकको घुम्ति सेवा कार्यक्रमलाई गाउँपालिकाको आवश्यक समन्वयमा थप व्यवस्थित रुपमा कार्यान्वयमा ल्याइनेछ ।

१२२. ज्येष्ठ नागरिक, अपाङ्गता भएका तथा सामाजिक सुरक्षा भत्ताको सुविधा लिइरहेका व्यक्तिहरुको लगत अद्यावधिक तयार गरी परिचय पत्र वितरणको कार्यलाई व्यवस्थित गर्दै लगिनेछ ।

१२३. सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सम्बन्धी कार्यहरु Online प्रणाली मार्फत सञ्चालन गरी समय सापेक्ष चुस्त दुरुस्त बनाउनका लागि जनशक्तिलाई तालिम तथा पुनर्ताजगी तालिम सञ्चालन गरिनेछ ।

१२४. सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सम्बन्धी कार्यहरु सम्बन्धित निकायमा समयमै दर्ता/अद्यावधिक गराउन गाउँपालिका सरहद भित्रका टोलटोलमा जनचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

## कानून निर्माण तथा न्याय सम्पादन सम्बन्धी नीति

१२५. कानूनको नजरमा सबै समान हुन्छन् भन्ने सिद्धान्त अनुरुप छिटो कानूनी उपचार तथा न्याय प्राप्त गर्ने व्यवस्था मिलाइनेछ ।

१२६. प्रत्येक मेलमिलाप केन्द्रहरुलाई थप व्यवस्थित गर्दै लगिनेछ साथै मेलमिलापकर्ताहरुको लागि तालिम तथा खाजा खर्चको व्यवस्था गरिनेछ ।

१२७. आवश्यकताको पहिचान गरी दैनिक कार्य सञ्चालनका लागि उपयुक्त ऐन,नियम,निर्देशिका,कार्यविधि तथा मापदण्डहरु निर्माण गरी लागू गरिनेछ ।

१२८. अशक्त विपन्न महिलाहरुको लागि न्यायमा पहुँच स्थापित गर्न विशेष कार्यक्रम सञ्चालनमा व्यवस्था ल्याइनेछ।

## ऊर्जा सम्बन्धी नीति

१२९. बायोग्यास तथा सुधारिएको चुलो, विद्युतीय चुलो,बायोब्रिकेट जस्ता किफायती जैविक ऊर्जाको प्रवर्द्धन एवम् विस्तार गर्दै दाउराको प्रयोगलाई क्रमशः कम गर्दै लगिने छ ।

१३०. जैविक स्रोतको समुचित व्यवस्थापनबाट ऊर्जा उत्पादन गर्न प्रविधि र प्रणालीको विकास तथा विस्तार गरिनेछ ।

१३१. कृषि तथा पशुपन्क्षीको जैविक पदार्थको उपयोग गरी बायोग्यास प्लान्ट प्रवर्द्धनको कार्यक्रम सञ्चालनमा ल्याइनेछ ।

१३२. दिगो एवं अनन्त ऊर्जाको स्रोतको रुपमा रहेको सौर्य ऊर्जाको उत्पादन र प्रयोगलाई थप व्यवस्थित गर्दै बजार क्षेत्र तथा बाक्लो बस्तीहरुमा सोलार वत्तिको थप व्यवस्था गर्दै लगिनेछ ।

१३३. जीवनको गुणस्तर (Quality of Life) अभिबृद्धि गर्न आवश्यक न्यूनतम ऊर्जाको उपलब्धताको सुनिश्चितता गरिनेछ ।

## दिगो विकास सम्बन्धी नीति

**१३४.** संयुक्त राष्ट्र संघले तय गरेका १७ वटा लक्ष्य अन्तर्गतका परिसूचक बमोजिमका कार्यक्रमहरु सञ्चालनमा ल्याई दीगो विकासको लक्ष्य हासिल गर्ने कार्यमा योगदान पुर्‍याइनेछ।

## साझेदारी गरिने

**१३५.** नीति तथा कार्यक्रम कार्यान्वयनको लागि आन्तरिक स्रोत र अन्य स्रोतवाट नपुग्ने अवस्थामा नगर विकास कोषसँग साझेदारी गरी कार्यान्वयन गरिनेछ ।

अन्त्यमा,

गाउँपालिका जनअपेक्षा अनुरुप विकासका चाहना पुरा गर्ने, स्थानीय सरकार र स्थानीयवासी बिचको सुमधुर सम्बन्ध कायम गर्ने, आधुनिक प्रविधि र मौलिक पहिचानको सम्मिश्रणवाट तामाकोशी गाउँपालिकालाई समृद्ध, सुरक्षित र जीवन्त बनाउने हाम्रो दृढ सङ्कल्पित छ । यस अवसरलाई सदुपयोग गर्दै सम्पूर्ण गाउँवासीलाई स्वच्छ, निष्पक्ष, न्यायपूर्ण र प्रतिबद्ध नेतृत्व प्रदान गरिनेछ । साथै गाउँपालिकाले अघि सारेको प्रस्तुत नीति तथा कार्यक्रम कार्यान्वयनमा सहयोग पुर्याउन नेपाल सरकार, प्रदेश सरकार, विकास साझेदारहरू, निजी क्षेत्र, निर्वाचित प्रतिनिधि गाउँपालिकाका कर्मचारी, मतदाता र सम्पूर्ण वुद्धिजीवी एवम् प्रवुद्ध वर्गमा हार्दिक अपिल गर्दछु।

**धन्यबाद ।**

**प्रोण प्रताप के.सी**
अध्यक्ष

२०८० असार ९ शनिबार